# राजर्षिजनक विश्वविद्यालय

# सम्बन्धन सम्बन्धी कार्यविधि २०८१

(स्वीकृत मिति : २०८१|०३|०३)

राजर्षिजनक विश्वविद्यालय

जनकपुरधाम, धनुषा, नेपाल

२०८१ ज्येष्ठ

राजर्षिजनक विश्वविद्यालयले शिक्षाका अवसरलाई विकेन्द्रीकरण गर्न, जनस्तरमा विद्यमान साधनश्रोत एंव जनशक्तिलाई प्रोत्साहित गर्न, उच्च शिक्षाको क्षेत्रमा जनचाहाना र सहभागिता बढाउन, तथा प्रतिस्पर्धाको माध्यमबाट गुणस्तरीय रोजगारमुलक शिक्षा प्रदान गर्ने उद्देश्यले सार्वजनिक, निजि, सहकारी वा समुदायिक क्षेत्रबाट संचालन गरिएका वा गरिने क्याम्पसहरुलाई राजर्षिजनक विश्वविद्यालय सङ्गठन संरचना तथा व्यवस्थापन नियमावली २०७५ को परिच्छेद २६को नियम १९३ (२) बमोजिम यस विश्वविद्यालयबाट सम्बन्धन प्रदान गर्ने सम्बन्धी कार्यविधि २०८१ तयार पारिएको छ ।यो सम्वन्धन सम्बन्धी कार्यविधि रा.ज.वि. कार्यकारी परिषदले स्वीकृति गरेको मिति देखि लागु हुने छ ।

**१. क्याम्पसः**

(क) यस विश्वविद्यालयबाट सम्बन्ध दिइने क्याम्पसहरुमा विज्ञान, प्रविधि तथा इन्जिनियरिङ्ग, व्यवस्थापन, मानविकी तथा कानुन र स्वास्थ्य विज्ञान संकाय अन्तर्गत शैक्षिक कार्यक्रमहरु संचालन हुनेछन् ।

(ख) विश्वविद्यालयले सामुदायिक, सार्वजनिक, सहकारी र निजी क्षेत्रको उपयुक्त क्याम्पसलाई सम्बन्धन प्रदान गर्न सक्ने छ ।

(ग) सम्बन्धनको लागि प्राथमिकता निर्धारण गर्दा सामुदयिक/सार्वजनिक/सहकारी क्याम्पस र निजी क्याम्पसलाई क्रमशः पहिलो र दोस्रो प्राथमिकतामा राखिने छ ।

## <u>सम्बन्धन सम्बन्धी व्यवस्था</u>

**२. प्रक्रिया**

कार्यकारी परिषदको निर्णय बमोजिम सम्बन्धनकालागि उपकुलपतिको कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सुचना प्रकाशित गरिनेछ । सम्बन्धन सम्बन्धी आवेदनका लागि यसै कार्यविधिको अनुसुची १ मा उल्लेख भए बमोजिमको आवेदन फारम सम्बन्धित डीन कार्यालयबाट प्राप्त गर्न सकिनेछ । रितपूर्वक आवेदन फारम भरेका शैक्षिक संस्थाहरुले यसै कार्यविधिको अनुसुचि २ मा तोकिएको आवेदन फारम दर्ता शुल्क सम्बन्धित डीन कार्यालयले तोकेको बैंक खातामा जम्मा गरि सो को सक्कल भौचर सहित आवेदन फारम सम्बन्धित डीन कार्यालयमा दर्ता गर्नु पर्नेछ । आवेदन फारम दर्ता शुल्क फिर्ता हुने छैन ।

## ३. आवेदन उपर कारवाही

(क) सम्बन्धित डीन कार्यालयले आ-आफ्ना संकायमा दर्ता भई प्राप्त गरेका आवेदन फारमहरु आफनो राय सहित कामकारवाहीकोलागि डीनले सो आवेदन उपकुलपति समक्ष पेश गर्नु पर्नेछ ।

(ख) आवेदन उपर कामकारवाहि प्रारम्भ गर्न उपकुलपतिले स्वीकृति दिएमा स्वास्थ्य विज्ञान तथा इन्जिनियरिङ्ग संकायको शैक्षिक कार्यक्रम वाहेकको शैक्षिक कार्यक्रमका लागि सम्बन्धित डीनले सम्बन्धन सम्बन्धी आवेदन साथ कामकारवाही प्रारम्भ हुने सूचना सम्बन्धित आवेदकलाई पठाउनु पर्नेछ ।सम्बन्धित डीन कार्यालयले आवेदन काम कारवाही प्रारम्भ सूचना संगै अनुसुचि ३ वमोजिमको संभाव्यता अध्ययन शुल्क बुझाउन लगाई सो को सक्कल बैंक भौचर सहित संभाव्यता अध्ययन गराउन निवेदन पेश गर्न सुचित गर्नेछ ।

(ग) स्वास्थ्य विज्ञान तथा इन्जिनयरिङ्ग संकायको शैक्षिक कार्यक्रमको लागि प्राप्त आवेदन उपर कामकारवाही प्रारम्भ गर्न उपकुलपतिले स्वीकृति दिएमा सम्बन्धित डीनले आवेदकलाई म्याद तोकी प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको संभाव्यता अध्ययन प्रतिवेदन माँग गर्नेछ ।

(घ) खण्ड (ग) अनुसार माँग गरिएको प्रतिवेदन प्राप्त आएपछि सो उपर अध्ययन र स्थलगत निरीक्षणकोलागि उपकुलपतिको स्वीकृतिमा सम्बन्धित डीनले ५ (पाँच) सदस्यीय विशेषज्ञ टोली गठन गर्नेछ ।

(ङ) खण्ड (घ) मा उल्लेखित विशेषज्ञ टोलीको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदन कार्यकारी परिषदमा पेश गर्नेछ र कार्यकारी परिषदबाट सो प्रतिवेदन स्वीकृत भएमा आवेदकलाई नेपाल सरकार शिक्षा विषय हेर्ने मन्त्रालयबाट मनसायपत्र लिन स्वीकृति दिनुपर्ने छ ।

(च) आवेदकबाट नेपाल सरकार शिक्षा विषय हेर्ने मन्त्रालयबाट प्राप्त मनसाय पत्र सम्बन्धित डीन कार्यालयमा पेश गरेपछि अनुसुचि ३ बमोजिमको सम्भावयता अध्ययन शुल्क सम्बन्धित डीन कार्यालयले तोकेको बैंक खातामा बुझाउन लगाई सो को सक्कल भौचर सहित सम्भाव्यता अध्ययन गराउन निवेदन पेश गर्न सुचित गर्नेछ ।

## ४. सम्भाव्यता अध्ययन टोलीको गठन

(क) सम्बन्धनको लागि प्रस्तावित क्याम्पस र सो क्याम्पसले सम्बन्धन चाहेको शैक्षिक तह र शैक्षिक कार्यक्रमको सम्भावयता अध्ययन गरी राय सुझाव दिन सम्बन्धित डीनले विशेषज्ञ टोली गठन गर्नेछ ।

(ख) खण्ड (क) बमोजिम साधारण उच्च शिक्षाको सम्बन्धनका सम्बन्धमा सम्बन्धित डीनले उच्च शिक्षाबिद एक जना, वित्तिय विशेषज्ञ एक जना र कानुन विशेषज्ञ एक जना गरी तीन सदस्यीय विशेषज्ञ टोली गठन गर्नेछ । तर स्वास्थ्य विज्ञान तथा इन्जिनियरिङ्ग उच्च शिक्षाको सम्बन्धमा सम्बन्धित डीनले उच्च शिक्षाबिद १ जना, स्वास्थ्य विज्ञान तथा इन्जिनियरिङ्ग सम्बन्धी विशेषज्ञ दुइ जना, वित्तिय विशेषज्ञ एक जना र सम्बन्धित विषयका विशेषज्ञ एक जना गरी ५ सदस्यीय विशेषज्ञ टोली गठन गर्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको विशेषज्ञ मध्ये एक जना संयोजक तोकिने छ र अन्य विशेषज्ञ सो टोलीको सदस्य हुनेछन ।

(घ) विशेषज्ञ टोलीलाई स्थलगत निरिक्षण सहित सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न समयावधि समेत तोकी पत्र दिनु पर्नेछ ।

(ङ) विशेषज्ञ टोलीको पारिश्रमिक, दैनिक तथा भ्रमण खर्च र अन्य खर्च तोकिएबमोजिम विश्वविद्यालयले व्यहोर्ने छ ।सो वापत विश्वविद्यालयले सम्बन्धनकालागि आवेदन दिने क्याम्पसबाट शुल्क लिइनेछ ।

## ५. सम्भाव्यता अध्ययन टोलीको प्रतिवेदन माथि कामकारवाही

(क) सम्बन्धन सम्भावयता अध्ययन टोली (विशेषज्ञ टोली) बाट प्रतिवेदन प्राप्त भएपछि त्यसमा आफ्नो राय समेत उल्लेख गरी सम्बन्धित डीनले विद्या परिषदमा प्रस्ताव पेश गर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको प्रस्तावमा विद्या परिषदबाट भएको निर्णय डीनले उपकुलपति समक्ष पेश गर्नेछ । विद्या परिषदबाट क्याम्पसलाई सम्बन्धन प्रदान गर्ने सिफारिस भएको भए सो सिफारिस उपकुलपतिले प्राज्ञिक परिषदमा राय परामर्शकालागि पठाउने छ ।प्राप्त राय परामर्श सहित सो प्रस्ताव कार्यकारी परिषदमा पेश गर्नेछ ।

**६. अस्थायी सम्बन्धन प्रदान गर्ने**

(क) कार्यकारी परिषदले रा.ज.वि. संगठन संरचना तथा व्यवस्थापन नियमावली २०७५ को परिच्छेद २६ को दफा २०० को ३ मा व्यवस्था भए अनुसार विश्वविद्यालयको साधारण उच्च शैक्षिक कार्यक्रम संचालन गर्ने क्याम्पसलाई २ वर्षको अस्थायी सम्बन्धन र विश्वविद्यालयको प्राविधिक व्यवसायिक शैक्षिक कार्यक्रम संचालन गर्ने क्याम्पसलाई तीन वर्षको अस्थायी सम्बन्धन प्रदान गर्नेछ ।

(ख) कार्यकारी परिषदले क्याम्पसलाई अस्थायी सम्बन्धनको स्वीकृति प्रदान गर्ने निर्णय गरिसकेपछि सो को जानकारी सम्बन्धित डीनलाई गराउनेछ । सोही अनुसार सम्बन्धित डीनले अस्थायी सम्बन्धन स्वीकृति प्रदान गरिएको क्याम्पसहरुलाई अनुसुचि ४ बमोजिम कार्यक्रम स्वीकृति शुल्क बुझाउन एंव अनुसुचि ५ बमोजिमको अक्षयकोषको व्यवस्था गर्न जानकारी गराउने छ ।

(ग) आवेदकबाट स्वीकृति शुल्क प्राप्त भएपछि तथा अक्षयकोष व्यवस्था गरिसकेपछि सम्बन्धित डीनले सो क्याम्पसलाई आफ्नो शैक्षिक कार्यक्रमको अस्थायी सम्बन्धनको प्रमाणपत्र प्रदान गर्नेछ । यसरी सम्बन्धन प्राप्त गर्ने क्याम्पस विश्वविद्यालयको सम्बन्धन प्राप्त क्याम्पस हुनेछ।

(घ) सम्बन्धन प्राप्त क्याम्पसले सम्बन्धन प्राप्त भएको लगतै शुरु हुने शैक्षिक सत्र वा सो हुन नसक्ने भएमा अर्को शैक्षिक सत्रबाट शैक्षिक कार्यक्रम प्रारम्भ गरि सक्नु पर्नेछ ।

<u>सम्बन्धन सम्बन्धी अन्य व्यवस्थाः-</u>

(६) **सम्बन्धन दिइने तह**

विश्वविद्यालयले स्नातक र स्नातकोत्तर तहमा मात्र शैक्षिक कार्यक्रम संचालनकालागि सम्बन्धन प्रदान गर्न सक्नेछ ।

(७) **सम्बन्धन प्राप्त क्याम्पसले विश्वविद्यालयलाई बुझाउनु पर्ने शुल्कहरु**

(क) वार्षिक सम्बन्धन शुल्क ( अनुसुचि ६ बमोजिम)

(ख) वार्षिक सेवा शुल्क (अनुसुचि ७ बमोजिम)

(ग) विद्यार्थी दर्ता, परीक्षा तथा प्रमाण पत्र शुल्क सम्बन्धन प्राप्त क्याम्पसले केन्द्रीय परीक्षा संचालन तथा अभिलेख केन्द्रमा बुझाउनु पर्नेछ । उक्त शुल्कहरु विश्वविद्यालयले समय समयमा तोकेबमोजिम हुनेछ ।

(घ) तोकिएको अन्यशुल्कः  विश्वविद्यालयले तोकेबमोजिम हुनेछ ।
विश्वविद्यालयले तोकेका शुल्कहरु समयसमयमा आवश्यक्तानुसार परिमार्जन गर्न कार्यकारी परिषदले शुल्क परिमार्जन समिति गठन गर्न सक्नेछ । उक्त समितिको सिफिरिस अनुसार कार्याकारी परिषदद्धारा शुल्क परिमार्जन गर्न सकिने छ ।

(८) **नाम परिवर्तन**

नाम परिवर्तन गर्न चाहने क्याम्पसले नेपाल सरकारको  सम्बन्धित निकायबाट नामसारीको स्वीकृति पत्र लिई र सम्बन्धित संचालक समितिको स्वीकृतिको पत्र राखी आएका आवेदन सम्बन्धित डीनद्धारा गरिएको छानवीन र नाम परिवर्तन शुल्क वापत रू १००,००० (एक लाख) बुझाए पश्चात कार्यकारी परिषदबाट नाम परिवर्तनको स्वीकृति प्रदान गर्न सकिनेछ ।

(९) **स्थान परिवर्तन**

स्थान परिवर्तन गर्न चाहने क्याम्पसले स्थान परिवर्तन शुल्क वापत रू. १००,००० (एक लाख) बुझाई आवेदन दिएपछि सम्बन्धित डीनले संभाव्यता अध्ययन टोलीको गठन गर्नेछ । सम्भाव्यता अध्ययन टोलीको प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित डीनको राय सहित आवश्यक निर्णायार्थ कार्यकारी परिषदमा प्रस्तुत गरिनेछ। स्वीकृति प्राप्त भएमा सम्बन्धित डीन कार्यालयले आवश्यक जानकारी गराउनेछ ।स्थान परिवर्तन सम्बन्धित जिल्ला अन्तर्गत मात्र गर्न सकिनेछ ।

(१०) **स्वामित्व परिवर्तन**

स्वामित्व परिवर्तन गर्न चाहने आवेदित क्याम्पसले स्वामित्व परिवर्तन शुल्क रू २००००० (दई लाख) बुझाई आएमा सम्बन्धित डीनले सम्भाव्यता अध्ययन टोलीको गठन गर्नेछ  । साम्भाव्यता अध्ययन टोलीको प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित डीनको राय सहित आवश्यक निर्णायार्थ कार्यकारी परिषदमा प्रस्तुत गरिनेछ । स्वीकृति प्राप्त भएमा सम्बन्धित डीन कार्यालयले आवश्यक जानकारी गराउनेछ ।

(११) **अक्षयकोष**

सम्बन्धन लिन चाहने क्याम्पसले सम्बन्धन स्वीकृति पत्र प्राप्त गर्नु भन्दा अगाडी अनुसुचि ५ बमोजिम तोकिएको रकम क श्रेणीको बैंकमा मुद्दति खातामा जम्मा गरेको सक्कल भौचर सहितको कागजात डीन कार्यालयमा पेश गर्नु पर्नेछ । डीनको कार्यालयले अक्षयकोष रोक्का गर्नेछ ।

**(१२) विश्वविद्यालय जवाफदेही नहुने**

सम्बन्धन प्राप्त क्याम्पसले गरेको कुनै प्रकारका आर्थिक एंव अन्य काम कारवाही कारोवार र दायित्व प्रति विश्वविद्यालय जवाफदेही हुनेछैन ।

**(१३) आदेश वा निर्देशन दिन सक्ने**

कार्यकारी परिषदले आवश्यक ठानेमा सम्बन्धन प्राप्त क्याम्पसलाई यस सम्बन्धन सम्बन्धी कार्यविधिमा लेखिएका बाहेक अन्य थप आदेश वा निर्देशन दिन सक्नेछ र यस्तो आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित क्याम्पसको कर्तव्य हुनेछ ।

**(१४) शर्त र प्रक्रियाका व्याख्या**

यस सम्बन्धन सम्बन्धी कार्यविधिमा थप गर्ने वा व्याख्या गर्ने अधिकार कार्यकारी परिषदलाई हुनेछ ।

**(१५) वाधा अडकाउ फुकाउ**

सम्बन्धन सम्बन्धी काम कारवाही यस कार्यविधि बमोजिम गर्न कुनै वाधा अडकाउ परेमा त्यस्ता वाधा अडकाउ हटाउने वा फुकाउने अधिकार कार्यकारी परिषदलाई हुनेछ ।

**(१६) सम्बन्धन सम्बन्धी कार्यविधिमा नपरेका विषयवस्तु वा बुँदा सम्बन्धमा**

यस सम्बन्धन सम्बन्धी कार्यविधिमा उल्लेख भएका बुँदाहरुको हकमा यसै बमोजिम हुनेछ र सो वाहेकको विषयवस्तु वा बुँदाको हकमा ऐन र नियमावली संग नबाँझिने गरी कार्यकारी परिषदले आवश्यक निर्णय गर्न सक्ने छ । यसरी कार्यकारी परिषदको निर्णय अनुसार भए गरेको कार्यहरु यसै बमोजिम भए गरेका मानिनेछ ।

**(१७) सम्बन्धन प्राप्त क्याम्पसले पालना गर्नु पर्ने शर्तहरु**

(क) विश्वविद्यालयबाट निर्धारित पाठयक्रम एंव परीक्षा सम्बन्धमा तोकिएको नीति, प्रणाली र समयको पूर्ण पालना गर्नुपर्ने छ ।

(ख) सम्बन्धित क्याम्पसको नीति बमोजिम प्रदान गरिने छात्रवृतिका अलावा विश्वविद्यालयलको छात्रवृति सम्बन्धी नियम/विनियम निर्देशन बमोजिम तोकिए अनुसारका छात्रवृति दिनुपर्ने छ ।

(ग) विद्यार्थी भर्नाका न्युनतम योग्यता र आधार विश्वविद्यालयले निर्धारण गरेअनुसार हुनेछ ।

(घ) विश्वविद्यालयबाट प्राध्यापन तथा व्यवस्थापन सम्बन्धी कार्यका निमित तोकिएका शिक्षक अथवा कर्मचारीको न्यूनतम योग्यताभन्दा न्युन योग्यताका शिक्षक अथवा कर्मचारीहरु राख्न पाईने छैन ।

(ङ) विद्यार्थीहरुको प्रगति मुल्यांकन गर्दा तथा अभिलेख राख्दा विश्वविद्यालयबाट तोकिएको पद्धति र ढाँचाको अनुसरण गर्नुपर्ने छ ।

(च) विश्वविद्यालयले तोकेका ढाँचामा क्याम्पसको भौतिक, शैक्षिक, आर्थिक, व्यवस्थापन सम्बन्धी विवरण एंव तथ्यांकहरु समय समयमा विश्वविद्यालयलाई उपलब्ध गराउनु पर्ने छ ।

(छ) विश्वविद्यालयले आवश्यक ठानेमा क्याम्पस सञ्चालक/व्यवस्थापन समितिमा एक जना विश्वविद्यालयबाट तोकिएको प्रतिनिधिलाई समावेश गर्न सक्नेछ ।

(ज) विश्वविद्यालयबाट तोकिए बमोजिम शिक्षक, कर्मचारी तथा विद्यार्थी सम्बन्धी आचार संहिताको पालना गर्नु/गराउनु क्याम्पसको दायित्व हुने छ ।

(झ) विश्वविद्यालयबाट तोकिएको विभिन्न शुल्कहरु तोकिएको अवधिभित्र सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।

(ञ) क्याम्पसको नाम तथा स्थान परिवर्तन र क्याम्पसहरु सञ्चालन गर्ने सम्बन्धमा गरिएका व्यवस्थापन वा अन्य आन्तरिक कार्य प्रकृयामा परिवर्तन गर्नुपर्दा तोकिए बमोजिमका शुल्कहरु बुझाई विश्वविद्यालयबाट स्वीकृति प्राप्त गरेर मात्र लागु गर्नुपर्ने छ।

(ट) `विश्वविद्यालयबाट क्याम्पसका शिक्षक/कर्मचारीहरुलाई विश्वविद्यालयको सभा, समिति, परिषद, गोष्ठी, कार्यशाला, परीक्षा एवं अध्यापन आदि कार्यक्रममा मनोनित गरिएको, खटाइएको वा जिम्मेवारी सुम्पिएको अवस्थामा निजहरुलाई कार्य गर्न अनुमति र सो कार्य प्रयोजनकालागि काज खटाउनु पर्ने छ।

(ठ) विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कार्यक्रम तोकिएको अवधिभित्र संचालन गरिसकेको हुनुपर्ने छ।

.(ड) सम्बन्धन प्राप्त गर्ने शैक्षिक संस्थाले तोकिएका नाम वाहेक अन्य विशेषण प्रयोग गर्न पाउने छैन।

(ढ) परीक्षा सम्बन्धी सम्पूर्ण शुल्कहरु विश्वविद्यालयले निर्धारण गरे बमोजिम क्याम्पस वा शैक्षिक संस्थाले बुझाउन पर्ने छ।

(ण) क्याम्पस वा शैक्षिक संस्थाले सम्बन्धन प्राप्त गरेवापत विश्वविद्यालयलाई तोकिएको वार्षिक सम्बन्धन शुल्क विश्वविद्यालयले तोकेको बैक खातामा बुझाउनुपर्ने छ।

(त) क्याम्पस वा शैक्षिक संस्थाले विश्वविद्यालयबाट प्रवेश परीक्षा लिइने शैक्षिक कार्यक्रमहरुमा प्रवेश परीक्षामा उत्तीर्ण गरेका विद्यार्थीहरुलाई मात्र तोकेको संख्यामा भर्ना गर्नुपर्ने छ । अन्य क्याम्पसहरुले स्वीकृत कोटा अनुसार मात्र भर्ना लिनु पर्ने छ । स्वीकृत कोटा भन्दा वढी विद्यार्थी भर्ना लिइ रजिष्ट्रेसन रोकिएमा सो को जिम्मेवारी  स्वयं क्याम्पस हुने छ ।

(थ) क्याम्पस वा शैक्षिक संस्थाले आफना शिक्षकहरुका निम्ति सेमिनार, गोष्ठी, तालिम, अनुसन्धानजस्ता वृत्ति विकासका कार्यक्रमहरु नियमित रुपमा संञ्चालन गर्नुपर्ने छ ।

(द) विश्वविद्यालयबाट सञ्चालन गरिने परीक्षाका लागि क्याम्पसले आफनो सभाकक्ष, कक्षाकोठा, प्रयोगशाला, कार्यशाला, उपकरणहरु र अन्य भौतिक सुविधा उपलब्ध गराउनुपर्ने छ ।

(ध) क्याम्पस वा शैक्षिक संस्थाले शिक्षक, विद्यार्थी र कर्मचारीलाई प्राज्ञिक एवं व्यवसायिक मर्यादा पालन गर्नका लागि आचार संहिता बनाइ लागु गर्नुपर्ने छ ।

क्याम्पस वा शैक्षिक संस्थाले विश्वविद्यालयले मागेका सूचना र तथ्यांक उपलब्ध गराउनुपर्ने छ ।

.(न) क्याम्पस वा शैक्षिक संस्थाले **राजर्षिजनक** विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरिसकेपछि अन्य विश्वविद्यालयबाट सम्बन्धन लिइ शैक्षिक कार्यक्रम संचालन गर्न पाउनेछैन ।

(प) क्याम्पस वा शैक्षिक संस्थाले विश्वविद्यालयको सम्बन्धन सम्बन्धी शर्त र प्रक्रियालाई पालना गर्नुपर्ने छ ।

(फ) क्याम्पस वा शैक्षिक संस्थाले विश्वविद्यालयले दिएका सुझाव एवं निर्देशनहरु कार्यान्वयन गर्नुपर्ने छ ।

(ब) सम्बन्धन प्राप्त क्याम्पस वा शैक्षिक संस्थाले आफ्ना लेटर प्याड, बोर्ड र विज्ञापनमा आफ्ना नामसंगै **"राजर्षिजनक विश्वविद्यालयबाट सम्बन्धन प्राप्त"** भनेर अनिवार्य लेख्नु पर्ने छ ।

(भ) सम्बन्धन प्राप्त क्याम्पस वा शैक्षिक संस्थाले नियमितरुपमा आफ्ना काम कारवाहीको प्रगति प्रतिवेदन तथा अन्य आवश्यक सूचना तथा तथ्यांक सम्बन्धित डीन कार्यालय  समक्ष पेश गर्नु पर्ने छ ।

(१८) **अनुगमन सम्बन्धी व्यवस्थाः-**

सम्बन्धित संकायको डीन वा डीनले तोकेको विशेषज्ञ/ विशेषज्ञहरुको टोलीबाट सम्बन्धन प्राप्त क्याम्पसको अनुगमन गर्न सकिनेछ ।

(१९) **अस्थायी नवीकरण अनुगमन सम्बन्धी व्यवस्थाः-**

अस्थायी सम्बन्धन प्राप्त क्याम्पसले सम्बन्धन अवधी समाप्त हुनुभन्दा तीन महिना पहिले  सम्बन्धन नवीकरण गराउनकोलागि सम्बन्धित डीन कार्यालयमा आवेदन दिनु पर्नेछ । सम्बन्धित संकायका डीन वा डीनले तोकेको विशेषज्ञ/विशेषज्ञहरुबाट अस्थायी सम्बन्धन नवीकरणको अनुगमन गर्न सकिनेछ । नवीकरण वापत शुल्क रू ५०,०००/- (पचास हजार) सम्बन्धित डीन कार्यालयमा बुझाउनु पर्ने छ ।

## अनुसुची –१

**श्री राजर्षिजनक विश्वविद्यालय**

**------------संकाय डीनको कार्यालय**

**जनकपुरधाम, धनुषा**

**विषयः** सम्बन्धन प्राप्ती सम्बन्धी आवेदन ।

तल उल्लेखित क्याम्पसलाई तपसिलमा उल्लेख भएको शैक्षिक कार्यक्रम संचालन गर्न सम्बन्धन पाँउ ।

१. प्रस्तावित क्याम्पसको नामः

२. प्रस्तावित क्याम्पसको विस्तृत ठेगानाः

३. क्याम्पसको प्रकार (सामुदायिक/सहकारी/निजी/सार्वजनिक)

४. सम्बन्धन प्राप्त गर्न चाहेको शैक्षिक कार्यक्रम सम्बन्धी विवरणः

(क) शैक्षिक कार्यक्रमका नामः

(ख) तह (स्नातक/स्नातकोत्तर)

(ग) वार्षिक भर्ना संख्याः

(५)प्रत्येक शैक्षिक कार्याक्रमकालगि उपलब्ध शैक्षिक तथा जनशक्तिको विवरण

(क) शिक्षकहरुको संख्या, शैक्षिक योग्यता, अनुभव र प्रतिबद्धता पत्र

(ख) प्राविधिक/प्रशासनिक कर्मचारीहरुको तह र संख्या, शैक्षिक योग्यता, अनुभव र नियुक्ति पत्र ।

(६) क्याम्पसको सांगठनिक तालिका-

(७) प्रयोगशालाका प्रकार र प्रयोगशालाका मुख्य सामाग्रीहरुको सुचिः

(क)

(ख)

(ग)

(८) पुस्तकालय तथा पुस्तकालय सामाग्रीहरुको विवरण

(९) भौतिक सुविधाका विवरणः

(क) जग्गाको क्षेत्रफलः

(ख) भवनको संरचना

(क) कक्षा कोठा

(ख) प्रयोगशाला

(ग) पुस्तकालय

(घ) क्याम्पस प्रमुखको कोठा

(ङ) प्रशासनिक कोठाहरु

(च) पार्किङ

(छ) खेलकुद मैदान

(ज) जग्गा र भवनको स्वामित्वः संस्थाको नाममा वा लिज भाडामा रहेको विवरण

(१०) स्वास्थ्य सेवा

(११) यातायात सेवा

(१२) अनुसन्धान कार्यक्रम सम्बन्धी योजना

(१३) संचालक समितिको गठन

(१४) संचालकहरुको नामावली, ठेगाना र नागरिकता प्र.प्र.नं. समेत

(१५) शेयरधनीहरुको नामावली, ठेगाना र नागरिकता प्र.प्र.नं. समेत

(१६) संस्थाको दर्ता प्रमाण पत्र र नियमावली

(१७) क्याम्पसको कार्य योजना

(१८) आर्थिक स्रोतहरु

(क) क्याम्पसका आर्थिक स्रोतका प्रकारहरु

(ख) क्याम्पसको अनुमानित वार्षिक आय-व्यय विवरण

(ग) प्रति विद्यार्थी प्रस्तावित वार्षिक शिक्षण तथा अन्य शुल्क ।

**<u>आवेदक क्याम्पसका तर्फबाट</u>** आवेदक

नामः

पदः

दस्तखतः

मितिः

सम्पर्क ठेगानाः

फोन नः

इमेलः

संस्थाको छापः

**द्रष्टव्यः** क्याम्पसको संचालक समितिले सम्बन्धन सम्बन्धी आवेदन र अख्तियारी दिने निर्णय गरेको निर्णय पुस्तिकाको प्रतिलिपि आवेदन साथ पेश गर्नु पर्नेछ ।

## अनुसूची — २

## आवेदन फारम दर्ता शुल्क (प्रति शैक्षिक कार्यक्रम)

| क्र.सं. | शैक्षिक कार्यक्रम | रकम रू. |
|---|---|---|
| १ | विज्ञान, प्रविधि तथा इन्जिनियरिङ्ग संकायः<br>Bachelor of Science in Computer Science and Information Technology (BSc. CSIT)<br>Bachelor of Engineering in Civil Engineering (BE Civil) | ५०,०००/-<br>१००,०००/- |
| २ | व्यवस्थापन संकायः<br>Master of Business Administration (MBA)<br>Bachelor of Business Administration (BBA) | ५०,०००/-<br>५०,०००/- |
| ३ | मानविकी तथा कानुन संकायः<br>Bachelor of Computer Application (BCA)<br>Bachelor of Arts and Bachelor of Legislative Law (BALLB) | ५०,०००/-<br>५०,०००/- |
| ४ | स्वास्थ्य विज्ञान संकाय<br>Bachelor of Public Health (BPH)<br>Bachelor of Science in Medical Laboratory Technology ( BSCMLT) | ७५,०००/-<br>७५,०००/- |

**द्रष्टव्यः** उपरोक्त बमोजिमको आवेदन दर्ता फारम शुल्क शैक्षिक कार्यक्रम स्वीकृत नभएमा समेत फिर्ता हुनेछैन ।

## अनुसुची — ३

## सम्भाव्यता अध्ययन शुल्क (प्रति शैक्षिक कार्यक्रम)

| क्र.सं. | शैक्षिक कार्यक्रम | रकम रू. |
|---|---|---|
| १ | विज्ञान, प्रविधि तथा इन्जिनियरिङ्ग संकायः<br>Bachelor of Science in Computer Science and Information Technology (BSc. CSIT) Bachelor of Engineering in Civil Engineering (BE Civil) | १००,०००/-<br>३००,०००/- |
| २ | व्यवस्थापन संकायः<br>Master of Business Administration (MBA)<br>Bachelor of Business Administration (BBA) | १००,०००/-<br>१००,०००/- |
| ३ | मानविकी तथा कानुन संकायः<br>Bachelor of Computer Application (BCA)<br>Bachelor of Arts and Bachelor of Legislative Law (BALLB) | १००,०००/-<br>१००,०००/- |
| ४ | स्वास्थ्य विज्ञान संकाय<br>Bachelor of Public Health (BPH)<br>Bachelor of Science in Medical Laboratory Technology ( BSCMLT) | ३००,०००/-<br>३००,०००/- |

**द्रष्टव्यः** आवेदित कार्यक्रम स्वीकृत नभएमा पनि सम्भाव्यता अध्ययन शुल्कफिर्ता हुनेछैन ।

## अनुसुची — ४

## कार्यक्रम स्वीकृति शुल्क प्रति शैक्षिक कार्यक्रम

| क्र.सं. | शैक्षिक कार्यक्रम | रकम रू. |
|---|---|---|
| १ | विज्ञान, प्रविधि तथा इन्जिनियरिङ्ग संकायः<br>Bachelor of Science in Computer Science and Information Technology (BSc. CSIT)<br>Bachelor of Engineering in Civil Engineering (BE Civil) | १००,०००/-<br>२००,०००/- |
| २ | व्यवस्थापन संकायः<br>Master of Business Administration (MBA)<br>Bachelor of Business Administration (BBA) | १००,०००/-<br>१००,०००/- |
| ३ | मानविकी तथा कानुन संकायः<br>Bachelor of Computer Application (BCA)<br>Bachelor of Arts and Bachelor of Legislative Law (BALLB) | १००,०००/-<br>१००,०००/- |
| ४ | स्वास्थ्य विज्ञान संकाय<br>Bachelor of Public Health (BPH)<br>Bachelor of Science in Medical Laboratory Technology ( BSCMLT) | २००,०००/-<br>२००,०००/- |

## अनुसुची — ५

## अक्षयकोष स्थापना (प्रति शैक्षिक कार्यक्रम)

| क्र.सं. | शैक्षिक कार्यक्रम | रकम रू. |
|---|---|---|
| १ | विज्ञान, प्रविधि तथा इन्जिनियरिङ्ग संकायः<br>Bachelor of Science in Computer Science and Information Technology (BSc. CSIT)<br>Bachelor of Engineering in Civil Engineering (BE Civil) | ७००,०००/-<br>१,५००,०००/- |
| २ | व्यवस्थापन संकायः<br>Master of Business Administration (MBA)<br>Bachelor of Business Administration (BBA) | ७००,०००/-<br>७००,०००/- |
| ३ | मानविकी तथा कानुन संकायः<br>Bachelor of Computer Application (BCA)<br>Bachelor of Arts and Bachelor of Legislative Law (BALLB) | ७००,०००/-<br>७००,०००/- |
| ४ | स्वास्थ्य विज्ञान संकाय<br>Bachelor of Public Health (BPH)<br>Bachelor of Science in Medical Laboratory Technology ( BSCMLT) | १,५००,०००/-<br>१,५००,०००/- |

## अनुसुची — ६

## वार्षिक सम्बन्धन शुल्क (प्रति शैक्षिक कार्यक्रम)

| क्र.सं. | शैक्षिक कार्यक्रम | दर्ता शुल्क |
|---|---|---|
| १ | विज्ञान, प्रविधि तथा इन्जिनियरिङ्ग संकायः<br>Bachelor of Science in Computer Science and Information Technology (BSc. CSIT)<br>Bachelor of Engineering in Civil Engineering (BE Civil) | ५०,०००/-<br>१००,०००/- |
| २ | व्यवस्थापन संकायः<br>Master of Business Administration (MBA)<br>Bachelor of Business Administration (BBA) | ५०,०००/-<br>५०,०००/- |
| ३ | मानविकी तथा कानुन संकायः<br>Bachelor of Computer Application (BCA)<br>Bachelor of Arts and Bachelor of Legislative Law (BALLB) | ५०,०००/-<br>५०,०००/- |
| ४ | स्वास्थ्य विज्ञान संकाय<br>Bachelor of Public Health (BPH)<br>Bachelor of Science in Medical Laboratory Technology ( BSCMLT) | १००,०००/-<br>१००,०००/- |

**द्रष्टव्यः** सम्बन्धन प्राप्त क्याम्पसले सम्बन्धन प्राप्त गरेको दोस्रो शैक्षिक शत्र देखि सम्बन्धन शुल्क तिर्नु पर्नेछ।

## अनुसुची — ७

## वार्षिक सेवा शुल्क(प्रति विद्यार्थी प्रति वर्ष)

| क्र.सं. | शैक्षिक कार्यक्रम | रकम रू. |
|---|---|---|
| १ | विज्ञान, प्रविधि तथा इन्जिनियरिङ्ग संकायः<br>Bachelor of Science in Computer Science and Information Technology (BSc. CSIT)<br>Bachelor of Engineering in Civil Engineering (BE Civil) | ८,०००/-<br>१५,०००/- |
| २ | व्यवस्थापन संकायः<br>Master of Business Administration (MBA)<br>Bachelor of Business Administration (BBA) | ८,०००/-<br>८,०००/- |
| ३ | मानविकी तथा कानुन संकायः<br>Bachelor of Computer Application (BCA)<br>Bachelor of Arts and Bachelor of Legislative Law (BALLB) | ८,०००/-<br>८,०००/- |
| ४ | स्वास्थ्य विज्ञान संकाय<br>Bachelor of Public Health (BPH)<br>Bachelor of Science in Medical Laboratory Technology ( BSCMLT) | १०,०००/-<br>१०,०००/- |